म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.ढ.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- १७१ २०८० जेठ १ गते सोमबार 15 May 2023, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

**जग्गा बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका–९ गुम्बाचोक नजिकै १० (दश) धुर जग्गा र चौघडामा १०.५ (साढे दश धुर) को दुई टुक्रा घडेरी बिक्रीमा रहेकोले आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला ।

**सम्पर्क नं.**
९८५१३३२३८०, ९८०११८६७०९

## भ्रष्टाचारविरुद्ध सडकमा साहित्यकार

# दिन–दिनै चोक–चोकमा




*कविता वाचन गर्नुहुँदै सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल ।*

समाज संवाददाता

हेटौंडाः भ्रष्टाचारविरुद्ध मकवानपुरका साहित्यकारहरु सडकमा उत्रिएका छन् । भ्रष्टाचारविरुद्ध नागरिक सचेतनाका लागि सर्जक सञ्जाल मकवानपुरको अग्रसरतामा आइतबार हेटौंडाको बुद्धचोकमा कविता, मुक्तक, गजल, कथा वाचन गरिएको छ । स्वतःस्फूर्त सहभागी साहित्यकारले देशमा व्याप्त भ्रष्टाचारविरुद्ध रचना वाचन गरेका छन् ।

यसैबीच सर्जक सञ्जाल मकवानपुरले एक सातासम्म दिन-दिनै चोक-चोकमा रचना वाचनको कार्यक्रम गर्ने जनाएको छ । सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले सोमबार हेटौंडाको शितलमहल चोकमा कविता वाचन गरिने जानकारी दिनुभयो । स्वतःस्फूर्तरुपमा साहित्यकारहरुलाई रचना वाचनका लागि आग्रह गर्नुहुँदै संयोजक निमेष निखिलले नागरिक सचेत भएर भ्रष्टाचारविरुद्ध बोल्नुपर्ने बताउनुभयो । पहिलो दिन आइतबार हेटौंडाको बुद्धचोकमा स्वतःस्फूर्तरुपमा सर्वसाधारणले पनि रचना वाचन गरेका थिए ।

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने कार्यमा पूर्व गृहमन्त्री, बहालवाला सचिव, नेताका छोराहरुको समेत संलग्नतामा गिरोह नै लागेको विषयमा समाचार प्रकाशित भई अभियुक्तहरु पक्राउ परेको सन्दर्भमा मकवानपुरका साहित्यकारहरु भ्रष्टाचार विरुद्धमा नागरिक सचेतनाको अभियानमा सक्रिय भएका हुन् । नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने कामको विषयलाई लिएर नागरिकमा निक्कै आक्रोश छ । साथै एकथरी नागरिक मुलुकको प्रहरी, प्रशासनको सशक्त भूमिकालाई लिएर आशावादी समेत छन् । यद्यपि कतिपयले निश्पक्ष छानविन र कारवाहीका विषयमा भने आशंका व्यक्त गरिरहेका छन् ।

# टोपबहादुर रायमाझी पक्राउ



काठमाडौंः नक्कली भुटानी शरणार्थी बनाएर ठगी प्रकरणमा एमाले नेता टोपबहादुर रायमाझी पक्राउ परेका छन् । प्रहरी प्रधान कार्यालयको विशेष ब्यूरोले उनलाई काठमाडौंको बूढानीलकण्ठ क्षेत्रबाट आइतबार साँझ पक्राउ गरेको प्रहरी उच्च स्रोतले जानकारी दिएको छ ।

प्रहरीका अनुसार रायमाझी शनिबार काठमाडौं आएका थिए । उनी पासीकोटस्थित एक व्यक्तिको घरमा बसिरहेको अवस्थामा पक्राउ परेका हुन् । रायमाझीले ठगी गर्ने गिरोहलाई सहज हुने गरी नीतिगत निर्णय गराउन भूमिका खेलेको आरोप छ । उनको सहयोगमा नेपाली नागरिकलाई नक्करी शरणार्थी बनाउने गिरोहले गृहमन्त्रालयसम्म पनि बलियो पहुँच बनाएको प्रहरी अधिकृतहरु बताउँछन् ।

उनीविरुद्ध जिल्ला अदालत काठमाडौंले २० वैशाखमा पक्राउ पुर्जी जारी गरेको थियो । त्यसदिन अर्घाखाँचीमा रहेका उनी पक्राउ पुर्जी जारी भएपछि फरार थिए । यही प्रकरणमा अनुसन्धानका लागि प्रहरीले रायमाझीका छोरा सन्दीपलाई भने २० वैशाखमा नै पक्राउ गरेको थियो ।

पक्राउ पुर्जी जारी भएको दिन राति ९ बजे उनी भैरहवा विमानस्थलबाट काठमाडौं फर्कने तयारीमा थिए । त्यहीबेला उनले प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरसँग सम्पर्क गरेर करिब १५ मिनेट कुराकानी गरेका थिए । त्यसक्रममा रायमाझीले आफूविरुद्ध पक्राउ पुर्जी जारी भए/नभएकोबारे सोधेका थिए ।

जवाफमा कुँवरले 'आफूलाई त्यसबारे थाहा नभएको बताउँदै सम्बन्धित प्रहरी परिसरका प्रमुख वा त्यहाँका अधिकृतसँग सम्पर्क राख्न' भनेको स्रोत बताउँछ । आईजीपीसँगको कुराकानीमा रायमाझीले आफ्नो चरित्र हत्या गर्न खोजिएको दाबी गरेका थिए । अनुसन्धानमा सहयोग गर्न आफैं आउँछु भनेका टोपबहादुर काठमाडौं आएनन् । उनको प्रदेश ३-०१-०२२ च-०५८२ नम्बरको गाडी लिएर चालकमात्र आए ।

उपत्यका अपराध अनुसन्धान कार्यालयमा परेको उजुरीका आधारमा अनुसन्धान थाल्दा १२ चैतमा गिरोहका नाइके केशव दुलाल, सानु भण्डारी र टेक गुरुङ पक्राउ परेका थिए । दुलाल कांग्रेस नेतृ सुजाता कोइराला परराष्ट्र मन्त्री भएका बेला उनको सचिवालयमा कार्यरत थिए । उनीहरुको बयानका आधारमा रायमाझीविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो ।

रायमाझीका छोरा सन्दीपको नाममा डेढ करोड रुपैयाँको चेक यो गिरोहका सदस्यले काटेको पाइएको प्रहरी बताउँछ । तर, रायमाझीले महानिरीक्षक कुँवरसँग आफूहरुसँग त्यस्तो कुनै चेक नआएको भन्दै फसाउन खोजिएको दाबी गरेका थिए । सानु भण्डारी गाउँले भएकाले चिनजान भएको बताउँदै अरु सिलसिलामा भेट भएको विषयलाई तोडमोड गरेर फसाइएको दाबी महानिरीक्षक कुँवरसमक्ष उनले गरेका थिए ।

अर्का आरोपी केशव दुलाल कांग्रेस नेतृ सुजाता कोइराला परराष्ट्रमन्त्री हुँदा उनको निजी सचिव थिए । 'त्यतिबेला म पनि शान्ति प्रक्रियाको काममा संलग्न भएकाले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र उहाँसँग पनि भेट भइराख्थ्यो', रायमाझीले प्रहरी प्रमुखसँग दाबी गरेका छन्, 'त्यही क्रममा चिनजान भएपछि सम्पर्क र भेटघाट हुन थालेको हो, मैले गलत उद्देश्यले केही गरेको छैन ।' उनले अर्कै प्रसंगमा घुम्न गोसाइँकुण्ड गएको विषयलाई पनि जोडिएको भन्दै आपत्ति जनाएका थिए ।

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने ठगी प्रकरणमा पक्राउ परेकाहरुले रायमाझी संलग्न रहेको बयान दिएपछि प्रहरीको आग्रहमा जिल्ला अदालतले उनीविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो । यो प्रकरणमा पूर्वगृहमन्त्री बालकृष्ण खाँण, पूर्व गृहसचिव टेकनारायण पाण्डे, खाँणका तत्कालीन स्वकीय सचिव नरेन्द्र केसी, पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका तत्कालीन सुरक्षा सल्लाहकार इन्द्रजित राईसहित १२ जना पक्राउ परिसकेका छन् । पक्राउ परेकाहरुलाई जिल्ला अदालत काठमाडौंले ४ दिन हिरासतमा राख्न आइतबार नै अनुमति दिएको छ ।

(स्रोतः अनलाइनखबर)

# हेटौंडा महिला खेल महोत्सव हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा आगामी बिहीबार देखि हेटौंडा महिला खेल महोत्सव सञ्चालन हुने भएको छ । उपमहानगरपालिकाको आर्थिक सहयोग र नगर खेलकुद विकास समितिको व्यवस्थापनमा प्रतियोगिता हुने भएको हो ।

प्रतियोगिताको पहिलो दिन बिहीबार चार खेल सञ्चालन हुने जनाएको छ । बिहीबारको पहिलो खेलमा हेटौंडा महिला रन प्रतियोगिता सञ्चालन हुनेछ । प्रतियोगिता हेटौंडा–४ स्थित हुप्रचौरमा बिहान ७ बजे सुरु हुनेछ । २ किलोमिटर दुरीमा हुने दौड प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः २५ हजार, १५ हजार र १० हजार रुपैयाँ प्रदान गरिने जनाएको छ ।

यस्तै, सान्त्वनास्वरुप दुई जनालाई ५–५ हजार रुपैयाँ प्रदान गरिने जनाएको छ । प्रतियोगितामा मकवानपुर जिल्लाभित्रका महिलाहरुले सहभागिता जनाउन पाउनेछन् । यसअघि उपमहानगरपालिकाले गत बैशाख ३ गते नयाँ वर्षको अवसरमा हेटौंडा पुरुष रन प्रतियोगिताको आयोजना गरेको थियो ।

बिहीबार हुने दोस्रो खेलमा महिला स्लो स्कुटी रेस प्रतियोगिता सञ्चालन हुने जनाइएको छ । प्रतियोगता हुप्रचौरमा बिहान ९ बजे सुरु हुनेछ । प्रतियोगतामा प्रथम हुनेलाई १० हजार, द्वितीय हुनेलाई ७ हजार ५ सय र तृतीय हुने दुई जनालाई ५–५ हजार रुपैयाँ प्रदान गरिने जनाइएको छ । प्रतियोगितामा नगरभित्रका महिलाले मात्र सहभागिता जनाउन पाउनेछन् ।

बिहीबारको तेस्रो खेलमा हेटौंडा महिला म्युजिकल चियर प्रतियोगिता हुने जनाइएको छ । हुप्रचौरमा हुने प्रतियोगिता दिउँसो २ बजे सुरु हुनेछ । प्रतियोगतामा प्रथम हुनेले १० हजार, द्वितीय हुनेले ८ हजार रुपैयाँ र तृतीय हुनेले ६ हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, चौथो हुनेले ४ हजार र पाँचौं हुनेले २ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगितामा नगरभित्रका महिलाहरुले सहभागिता जनाउन पाउनेछन् ।

बिहीबार हुने चौथो खेलमा समूहमा महिला डोरी तानातान प्रतियोगिता सञ्चालन हुनेछ । हुप्रचौरमै हुने प्रतियोगिता दिउँसो ४ बजे सुरु हुनेछ । प्रतियोगितामा प्रथम हुने समूहले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् भने द्वितीय समूहले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगितामा नगरभित्र स्थापित महिलाहरुको टिम संघसंस्थाले सहभागिता जनाउन पाउनेछन् ।

खेल महोत्सवको दोस्रो दिन शुक्रबार बिहान ७ बजे हुप्रचौरमा फुटसल प्रतियोगिता हुनेछ । प्रतियोगिताको विजेताले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १० हजार रुपैयाँ प्राप्त गर्नेछन् । शुक्रबारको दोस्रो खेलमा भलिबल प्रतियोगिता सञ्चालन हुनेछ । प्रतियोगिता दिउँसो २ बजे हुप्रचौरस्थित भलिबल कोर्टमा सञ्चालन हुनेछ । प्रतियोगिताको विजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

खेल महोत्सवको अन्तिम दिन शनिबार महिला '७' ए साइड फुटबल प्रतियोगिता हुनेछ । प्रतियोगता बिहान ७ बजे हुप्रचौर मा सञ्चालन हुनेछ । प्रतियोगिताको विजेता टिमले नगद २५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले नगद १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

## गैंडाको आक्रमणबाट घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-६, जोगितालमा गैंडाको आक्रमणबाट एकजना घाइते भएका छन् । राप्ति नदि नजिकै कासघारीमा गाई बस्तु चराउन जानुभएका ५० बर्षीय भुपाल थिङलाई जंगली गैंडाले आक्रमण गरी घाइते बनाएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

शनिबार साँझ ५ बजेको समयमा गैंडाको आक्रमणबाट भुपालको दाईने हातमा समान्य चोट लागेको छ । घाईते भुपाललाई उपचारका लागि भरतपुरतर्फ पठाइएको प्रहरीले उल्लेख गरेको छ । गैंडा भने पर्सा निकुञ्जतर्फ गएको प्रहरीले जानकारी दिएको छ ।

## नारायणीमा डुबेर बालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-४, यज्ञपुरी नजिक नारायणी नदिमा डुबेर एक बालकको मृत्यु भएको छ । मृत्यु हुने १२ वर्षीय आशिष खत्री रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । शनिबार दिउँसो नारायणी नदी किनारमा पौडी खेल्ने क्रममा डुबेकोमा स्थानीयले उद्दार गरी उपचारका लागि जिल्ला अस्पताल लगिएको थियो । उपचारको क्रममा खत्रीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

# निःशुल्क शिक्षाका लागि मागपत्र पेश



समाज संवाददाता

हेटौंडाः नेत्रविक्रम चन्द (विप्लब) निकट विद्यार्थी संगठन अनेरास्ववियु क्रान्तिकारी जिल्ला समिति मकवानपुरले जिल्ला प्रशासन कार्यालय र हेटौंडा उपमहानगरपालिकालाई मागपत्र बुझाएको छ । आइतबार नेकपा विप्लब निकट क्रान्तिकारी जिल्ला समिति मकवानपुर अध्यक्ष सूर्यबहादुर गोलेको नेतृत्वमा प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे र हेटौंडा उपमहानगरपालिकाका मेयर मीनाकुमारी लामालाई मागपत्र बुझाएको हो ।

'देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र २०७२ मा नेपालको संविधान बनेपश्चात् पनि संविधानमा व्यवस्था गरिएको अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था लागू नगरिएको, शिक्षा ऐनमा भएको विरोधाभाषपूर्ण धारा र विभिन्न बहाना बनाएर सरकारी विद्यालयहरुले समेत चर्को शुल्क लिइरहेको विषयमा मागपत्र पेश गरिएको छ । मागपत्रमा निजी विद्यालयले मनपरीरुपमा शुल्क लिइरहेको, नागरिकहरुको नैसर्गिक अधिकार र राज्यको दायित्वभित्र पर्ने शिक्षाजस्तो संवेदनशील विषयमा चरम निजीकरण, व्यापारीकरण र माफियाकरण गरिएको उल्लेख छ ।

# प्रदेश सभा बैठक जेठ ९ गतेका लागि आव्हान गर्ने निर्णय

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले प्रदेश सभाको बैठक जेठ ९ गते दिनको १ बजेका लागि आव्हान गर्ने निर्णय गरेको छ । आइतबार बसेको प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले प्रदेश सभाको बैठक जेठ ९ गते दिनको १ बजे आव्हान गर्ने निर्णय भएको प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिनुभएको छ ।

यस्तै मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धी बिधेयक मस्यौदा तयारीको सिद्धान्त स्वीकृति दिने निर्णय गरेको छ । बागमती प्रदेश सरकारलाई प्रदेशको कामकाजी भाषाको रुपमा नेपाल भाषा र तामाङ भाषालाई कार्यान्वयन गर्न दवाव दिँदै आएको छ । यस्तै आइतबारको मन्त्रिपरिषद् बैठकले दोलखा जिल्लाको जिरी नगर पालिका-५ मा प्रदेश गौरवको आयोजनाको रुपमा निर्माण गरिने मानव निर्मित पर्यटकीय ताल निर्माणका लागि जग्गा प्राप्तिसम्बन्धी प्रारम्भिक प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ । मानवनिर्मित तालका लागि ७ सय ७५ रोपनी जमिन अधिग्रहण गर्नुपर्ने बताइएको छ ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# सम्पादकीय

## स्थानीय सरकारको चासो

पछिल्लो समय सामुदायिक विद्यालयको शिक्षामा सुधार ल्याउन चासो र चिन्ता बढ्दै गएको छ । विद्यालय तहको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहमा आएपछि शिक्षाको विकासमा चासो र चिन्ता बढेको हो । अन्य समयमा भन्दा विद्यालय भर्नाको समयमा र एसईई नतिजा सार्वजनिक भएपछि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि बढिजसो चर्चा र बहस हुने  गर्दछ । नयाँ शैक्षिक सत्र सुरु भएको करिब एक महिना हुन लागेको छ । विद्यालयहरुमा विद्यार्थी भर्ना अभियान चलिरहेको छ । सामुदायिक विद्यालयको शैक्षिक अवस्था कमजोर बन्दै गएको र विद्यार्थी संख्या घट्दै गएकोमा सबै क्षेत्रले चिन्ता र चासो बढेको छ । सामुदायिक विद्यालयको शैक्षिक सुधारमा प्रभावकारी ठोस कार्यक्रम भने बिरलै आउने गरेको छ । माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहमा आएपनि सबै स्थानीय तहले प्रभावकारी काम गर्न सकेका छैनन् ।

कक्षा १२ सम्मको विद्यालयको व्यवस्थापन र शैक्षिक सुधारको जिम्मा गाउँ तथा नगरपालिकामा आएको छ । संघीय शिक्षा ऐन नबन्दा स्थानीय तहले विद्यालय शिक्षा सुधारका लागि उल्लेख्य काम गर्न सकिएको छैन । केही पालिकाहरुले भने शिक्षाको विकासका लागि विभिन्न रचनात्मक र प्रभावकारी काम सुरु गरेका छन् । देशकै राजधानीसमेत रहेको काठमाडौं महानगरपालिकाले सामुदायिक विद्यालयको सुधारका लागि विविध कार्यक्रम गरिरहेको छ । पछिल्लो समय काठमाडौं महानगर ले सामुदायिक विद्यालयहरुमा शिक्षामा सीप कार्यक्रम अघि बढाएको छ । सोही कार्यक्रमको केही दिनअघि महानगर प्रमुख बालेन्द्र साह (बालेन)ले अनुगमन गरेका थिए । महानगरले उच्च प्राथमिकता दिएर विद्यालय तहबाटै विद्यार्थीलाई विभिन्न सीपमूलक तालिम प्रदान गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिरहेको छ । विद्यालय तह उत्तीर्ण गरेका विद्यार्थीमा कम्तिमा एउटा विषयगत सीपको विकास भएमा उक्त विद्यार्थी स्वरोजगार बन्न वा सहज रोजगारी प्राप्त गर्न सक्ने तथ्यलाई मनन गर्दै महानगरले उक्त कार्यक्रम कार्यान्वयनमा ल्याएको हो । काठमाडौं महानगरको यस कार्यक्रमलाई अन्य स्थानीय तहले पनि अनुसरण गर्न सकेमा विद्यार्थीमा सैद्धान्तिक शिक्षासँगै प्राविधिक सीप विकास गराउन निकै सहयोग पुग्ने विश्वास गर्न सकिन्छ ।

काठमाडौं महानगरभित्रका ५९ माध्यमिक विद्यालयमा हप्ताको एक दिन २ घण्टाको दरले तालिम दिन थालिएको छ । यस तालिमलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्[illegible]बाट ६ महिने तालिमको मान्यता प्रदान गर्ने तयारी महानगरको छ । वर्ष कक्षा ९ का विद्यार्थीका लागि १० वटा सीपमूलक तालिम छनोट गरिएकोमा केही विद्यालयमा केही विषयको तालिम सुरु भएको हो । हाउस वेल्डिङ, ब्युटिसियन, फेसन डिजनाइजर, सावरीसाधन मर्मत, मोबाइल रिपेयरिङ, डल तथा कुसन मेकिङ, टेलरिङ, प्लम्बिङ, इलेक्ट्रिकल एपेयरेन्स र फर्निचर विषयका तालिम छनौट गरिएको हो । हप्ताको एक दिन नियमित कक्षा सकिएपछि २ घण्टाको समयमा तालिम दिइँदै आएको छ ।

काठमाडौं महानगरले विद्यालय शिक्षाको सुधारका लागि धेरै कामको सुरुवात गरेको छ । विद्यालयमा किताब, स्टेशनरी तथा पोशाक बिक्री गर्न रोक लगाउने र राजनीतिक दलहरुलाई विद्यालयमा कार्यक्रम गर्न रोक लगाउने घोषणा महानगरले गरेको छ । प्रत्येक शुक्रबार किताबविहीन स्कूलको  अवधारणा महानगरले अघि सारेको छ । महानगर क्षेत्रका निजी विद्यालयहरुको नाम तथा अन्य पक्षमा नियमन गर्न आवश्यक कानुनी व्यवस्था गर्न लागिएको छ । विद्यालय शिक्षाको सम्पूर्ण दायित्व स्थानीय तहमा आएपछि शिक्षाको विकासमा स्थानीय तहबीच प्रतिस्पर्धा हुनु आवश्यक छ । प्रत्येक स्थानीय तहले सबै विद्यार्थीलाई समान र गुणस्तरीय शिक्षा प्रदान गर्न विशेष ध्यान दिनु उचित हुनेछ । संघ र प्रदेशबाट समेत आवश्यक स्रोत साधन लिएर स्थानीय तहले विद्यालय शिक्षाको सुधार र विकासका लागि आवश्यक काम गर्न सक्छ । संस्थागत विद्यालयको प्रभावकारी नियमन गर्दै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार र शिक्षासम्बन्धी नयाँ-नयाँ कार्यक्रम सञ्चालनमा स्थानीय तहहरुले धेरै काम गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी  ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : व्यापार–व्यवसायमा साना तिना समस्याहरु आइपर्लान् । |
| **वृष** | : शरीरमा आलस्यता बढ्न सक्ने समयको योग छ । |
| **मिथुन** | : शिक्षा दिक्षाका क्षेत्रमा लागी परिने समय छ । |
| **कर्कट** | : रिस र आवेगलाई रोक्नुपर्ने समयको योग छ । |
| **सिंह** | : लेखाइ–पढाइ ठिकै रहने समयको योग छ । |
| **कन्या** | : व्यापार व्यवसायका कामहरु मध्यमकारक रहलान् । |
| **तुला** | : यात्रा योग र भेटघाटमा रमाइने समय छ । |
| **वृश्चिक** | : आशा मारेको सम्पत्ति पुनः फिर्ता आउनसक्छ । |
| **धनु** | : व्यापार–व्यवसाय मध्यमकारक समयको योग छ । |
| **मकर** | : सामाजिक तथा धार्मिक काममा सरिक भइनेछ । |
| **कुम्भ** | : परोपकारी र सामाजिक काममा सरिक भइने छ । |
| **मीन** | : नयाँ रोजगारी र व्यवसायमा मन जाने समय छ । |

# एमाले प्रतिवेदनले स्थापित गर्न खोजेका ७ झुटा संकथन



✍डम्बर खतिवडा





एमाले केन्द्रीय समितिको पाँचौं पूर्ण बैठकमा अध्यक्ष केपी शर्मा ओलीले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा दुई वटा कुराको बडो राम्रो मन्थन, चित्रण र आत्मस्वीकृति छ ।

पहिलो, प्रतिवेदनले देशको आर्थिक तथा राजनीतिक संकटको बडो जीवन्त चित्रण गर्दछ। प्रतिवेदनको 'आर्थिक मन्दी र आसन्न आर्थिक संकट' उपशीर्षक त गज्जबको आर्थिक निबन्ध जस्तै लाग्दछ। भलै, देश यस्तो जटिल र संकटग्रस्त स्थितिमा किन, कसरी र कसको कारण पुग्यो ? त्यसको जिम्मेवारीमा स्वयं एमालेको अंशियारी कति हो ? यस्ता प्रश्नमा भने आफू बाहेकका अरू दल र राजनीतिक शक्तिलाई दोष लगाउँदै पन्सिन्छ। आफूलाई 'पानीमाथिको ओभानो' देखाउने प्रयास गर्दछ।

दोस्रो, भर्खरै सम्पन्न उपनिर्वाचनमा पार्टी उल्लेखनीय रूपमा कमजोर भएको स्वीकार गर्दछ। एमालेले उपनिर्वाचनमा 'संख्यात्मक क्षति व्यहोर्नु नपरेको भए पनि मतमा उल्लेखनीय कमी आउनु चिन्ताको विषय हो' भन्दछ। 'गत वर्ष मंसिरमा सम्पन्न आम निर्वाचनको तुलनामा पार्टी मत घट्नु र वर्तमान सत्ताको विकल्प एमाले हो भन्ने निर्विवाद तथ्यमा समेत प्रश्न उठ्ने खालका परिणाम आउनु गम्भीर विषय' ठान्दछ।

राजनीतिक प्रतिवेदनमा अभिव्यक्त यी दुई 'सत्य' बाट प्रष्ट हुन्छ कि एमालेको मनमा ढ्याङ्गो बजिसकेको छ। देशको राजनीति, शक्ति सन्तुलन र जनमत उसले चाहेको/इच्छाएको बाटोमा वा पार्टीको अनुकूल हुने गरी हिंडिरहेको छैन भन्ने ज्ञान एमाले पंक्तिलाई भइसकेको छ। पार्टी अस्तित्व संकटको भय एमाले नेता/कार्यकर्तामा व्यापक हुँदै गएको छ।

भनिन्छ- शक्तिशालीका दर्जनौं हतियार हुन्छन्, तर कमजोरको एउटै हतियार हुन्छ र त्यो हो- सत्य। जब कुनै राजनीतिक शक्ति कमजोर हुन थाल्दछ त्यसले सत्य स्वीकार गर्नुपर्ने हुन्छ। स्वयं आत्मसमीक्षा गर्नुपर्ने हुन्छ। आफ्ना नीति, निर्णय र वस्तुगत यथार्थ बीच तादाम्यता छ कि छैन भनेर खोजी गर्नुपर्ने हुन्छ। पार्टीको समझ र जनअपेक्षा, कार्यदिशा र ऐतिहासिक कार्यभारबीच तालमेल छ कि छैन भनेर पर्गेल्नुपर्ने हुन्छ।

राजनीतिमा सत्य बोल्नुभन्दा ठूलो क्रान्तिकारिता अरू केही हुँदैन। सत्यसँग आफूलाई एकाकार गर्न खोज्नुभन्दा ठूलो साधना अरू केही हुँदैन।

तर, एमालेको राजनीतिक प्रतिवेदन 'सत्य' को कसीमा अहिले पनि उत्तिकै कमजोर छ। त्यसले 'दुई सत्य' को बर्को ओढेर 'सात झुट' स्थापित गर्ने प्रयत्न गर्दछ। जब कमजोरले झुटको सहारा लिन्छ, भन्न सकिन्छ- त्यो भविष्यमा झन् कमजोर हुँदै जानेछ। सत्यलाई अवज्ञा गर्ने कमजोर शक्ति झुटा संकथनको सहारामा उदाएको वा पुनर्स्थापित भएको उदाहरण संसारमा कहींकतै र कहिल्यै छैन।

केके हुन् त एमाले राजनीतिक प्रतिवेदनले स्थापित गर्न खोजेका ७ झुटा संकथन ?

### १. राजनीतिक स्थिरताको आत्मरति

एमाले प्रतिवेदनले यो संकथन स्थापित गर्ने प्रयत्न गर्दछ कि पार्टी 'राजनीतिक स्थिरता' को पक्षमा थियो अरू दलको कारणले देश झन् बढी अस्थिरतातिर गयो। एमाले प्रतिवेदनले भन्छ- 'देशलाई राजनीतिक स्थिरता चाहिएको थियो, देशलाई दह्रो राष्ट्रिय शक्तिको आवश्यकता थियो। तर, प्रतिनिधिसभामा एक दर्जन दलको उपस्थिति, संविधानका आधारभूत पक्षमै विमति राख्ने पक्षहरूको उल्लेखनीय उपस्थिति र प्रियतावादी शक्तिको उदय जस्ता परिघटनाले आगामी दिनमा राजनीतिक अस्थिरता र अनिश्चय झन् बढ्ने देखिन्छ।'

देशलाई राजनीतिक स्थिरता चाहिएको छ भन्ने कुरा झुटो हैन। यसभित्रको झुटो कुरा के हो भने कम्युनिष्ट एकता र विशालकाय कम्युनिष्ट शक्तिबाट राजनीतिक स्थिरताको अपेक्षा २०७४ को निर्वाचन परिणाम र त्यसपछिका दिनमा नै खण्डित भइसकेको थियो। कम्युनिष्टलाई जनताले राजनीतिक स्थिरताको नाममा झण्डै दुई तिहाइ दिएकै थिए, तर त्यो किन टिकेन ?

२०७४ को आमनिर्वाचन यताका परिघटना र एमाले भूमिकाले राजनीतिक स्थिरतालाई योगदान गऱ्यो कि अस्थिरतालाई मलजल गऱ्यो ? एमालेले खासमा विश्लेषण त्यहाँनेर गर्नुपर्दथ्यो र लेख्न सक्नुपर्दथ्यो- 'विगत पाँच वर्षका अनुभवले कम्युनिष्ट एकता र झण्डै दुई तिहाइको वामपन्थी सरकारबाट पनि राजनीतिक स्थिरता संभव छैन भन्ने पुष्टि भएको कारणले यसपटक जनमत छरियो र संसदमा १२ वटा दलको उपस्थिति हुनपुग्यो।'

तर, एमाले प्रतिवेदनले यो सत्य बोल्न सक्दैन। बरु उल्टै 'कथित प्रतिगमनको भाष्य' ले पार्टी कमजोर भएको निष्कर्ष निकाल्दै अझै पनि 'दुई-दुई पटकको असंवैधानिक संसद विघटन' ठीक थियो भन्ने झुटो संकथन स्थापित गर्न खोज्दछ। जनताको बहुदलीय जनवादमा विश्वास गर्ने पार्टीले संविधानवाद, विधिको शासन, शक्तिपृथकीकरण र नियन्त्रण तथा सन्तुलनको सिद्धान्तबाट भागेर पुनः शक्ति आर्जन गर्न सक्दछ भन्ने विश्वास आफैंमा झुटको पुलिन्दा बाहेक केही हैन। एमालेको पुनर्जीवन, कम्युनिष्ट समूहहरूको एकता र वामपन्थी शक्तिहरूको सहकार्य २०७४ यताका गलत घटनाक्रमको समीक्षा र आत्मानुभूति गर्नबाट भागेर हैन, त्यसबाट पाठ सिकेर मात्र संभव हुन्छ।

### २. प्रियतावादको छिपछिपे संश्लेषण

एमाले प्रतिवेदनले प्रियतावादलाई एक नयाँ र नकारात्मक राजनीतिक प्रवृत्तिको रूपमा चित्रण गर्दै त्यसको प्रतिनिधित्व गर्ने शक्तिका रूपमा रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीलाई उभ्याउने प्रयत्न गर्दछ। प्रतिवेदनले भन्छ- 'प्रियतावादले मौजुदा समस्या र कमजोरीहरूलाई उजागर गर्न सक्दछ, प्रश्न खडा गर्न सक्दछ, जनअसन्तुष्टिलाई राम्रैसँग प्रयोग गर्न सक्दछ तर समाधानका विकल्प दिन सक्दैन।'

प्रियतावादबारे एमाले प्रतिवेदनको यो बुझाइ बिल्कुलै छिपछिपे र एकांकी हो। नेपालमा प्रियतावादको राजनीति रास्वपाले सुरुवात गरेको हैन न त समाधान विना समस्याको चर्चा गर्नु मात्र प्रियतावादको लक्षण हो। खासमा देशको राजनीतिमा प्रियतावाद एमाले अध्यक्षका रूपमा केपी शर्मा ओलीको उदयपछि स्वयं एमाले र ओलीले सुरुवात गरेको हो। त्यसअघि देशको राजनीतिमा प्रियतावादको प्रवृत्ति प्रखर थिएन।

प्रियतावादको सबैभन्दा ठूलो लक्षण आम जनताले 'सुन्दा मज्जा आउने झुट' बोल्नु हो। भोट जित्न र लोकप्रिय बन्नका लागि ज्ञान-विज्ञान र सत्य-तथ्यले पुष्टि नगर्ने हावादारी र उडन्ते कुराबाट मतदातालाई प्रभावित गर्न खोज्नु हो। मान्छेलाई 'विवेक' को साटो 'भावना' मा बगाएर राजनीतिक स्वार्थको रोटी सेक्नु हो। यो प्रवृत्ति रास्वपामा भन्दा स्वयं एमाले र रवि लामिछानेमा भन्दा बढी स्वयं केपी शर्मा ओलीमा छ।

रास्वपाको उदयमा प्रियतावादको अंश होला तर मुख्यतः त्यो जनअसन्तुष्टि र वैकल्पिक स्पेसमा शक्ति रिक्तताबाट निःसृत छ भन्ने सत्य सबैले स्वीकार गर्नुपर्दछ। प्रियतावादका खाँटी प्रतिनिधि पात्र तथा नेपाली राजनीतिमा त्यसको प्रारम्भ र कुशल प्रयोगकर्ता एमाले अध्यक्ष केपी शर्मा ओली आफैं हुन्।

उनैले घरघरमा ग्याँस पाइप पुऱ्याएका थिए। उनलै हनुमाननगर-कलकता पानीजहाजको टिकट काउन्टर खोलेका थिए। उनैले अम्बाको पातको गार्गिलले कोरोना निको पारेका थिए। उनैले ५ वर्षमा ५ हजार डलर प्रतिव्यक्ति आयको सपना बाँडेका थिए। उनैले काठमाडौंमा ५ वर्षभित्र मोनो र मेट्रो दुवै रेल चलाएका थिए। उनैले ५ वर्षभित्रै केरुङ-काठमाडौं-पोखरा-लुम्बिनी चुच्चे रेल चलाएर पर्वतको कुश्मामा समेत त्यसको स्टेसन खोलेर मुस्ताङ पुऱ्याएका थिए। यस्ता दर्जनौं प्रियतावादी भाष्यहरूको प्रयोग रवि लामिछाने र रास्वपाभन्दा अघि एमाले र ओलीले गर्न भ्याइसकेका थिए।

### ३. गठबन्धनको अवसरवादी व्याख्या

एकातिर एमाले प्रतिवेदनले भन्छ कि गठबन्धनहरू विजातीय, अवैचारिक, अनैतिक र अवसरवादी भए, त्यसले राजनीतिलाई अस्थिर र अविश्वसनीय बनायो, अर्कोतिर आफूले बनाएका गठबन्धन र तालमेल भने उचित थियो भन्दै प्रतिरक्षा गर्दछ। यो गठबन्धन सम्बन्धी बिल्कुलै क्षणिक र अवसरवादी व्याख्या हो। नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चा जस्ता कम्युनिष्ट समूहहरुले नेपाली कांग्रेससँग बनाएको गठबन्धन अवैचारिक भयो भन्ने एमाले गुनासो ठीकै हो। तर, उसले राप्रपा र जसपासँग गरेको चुनावी तालमेल कसरी वैचारिक हो र सही भयो ? त्यसको उत्तर दिनुपर्दैन ?

प्रतिवेदनमा चुनावी तालमेल, गठबन्धन र सत्ता समीकरण सम्बन्धी एमाले धारणा बिल्कुलै गलत भाष्यमा आधारित छ। त्यो हो- ठीक उही र उस्तै काम आफूले गरेको भए ठीक, अरूले गरेको गलत। अझ यसले जनादेश सिद्धान्तको खिल्ली उडाउँछ। २०७९ फागुन १० गते माओवादी अध्यक्ष प्रचण्डलाई प्रधानमन्त्रीको समर्थन दिंदा ७ दलीय गठबन्धन बनाउनुलाई 'उचित र जनचाहना अनुरूपको' ठान्दछ।

जबकि त्यो बेला एमालेले भन्न सक्नुपर्थ्यो- 'निर्वाचनमा पाँच दलीय गठबन्धनले जनादेश पाएको हुँदा सरकार उसैले बनाओस्।' तर, भन्न सकेन। एक खाले दलसँग चुनाव अघिको गठबन्धन बनाउनु र चुनावपछि अर्को खाले गठबन्धन बनाएर सरकार चलाउनु आफैंमा अनैतिक राजनीति हो। यस्तो काम जसले गरे पनि अनैतिक हो। फागुन १० गते कुनै जनचाहना अनुरूपको गठबन्धन बनेको हैन, बरु जनादेश सिद्धान्तको अवज्ञा भएको हो। प्रचण्डले पनि त्यही गरेका हुन्। यो अपवादलाई छोड्ने हो भने पनि पद, सत्ता र अवसरका लागि एमालेले कुन गठबन्धन र समीकरणसँग कहिले परहेज गरेको छ ?

### ४. जनअसन्तुष्टिको अमूर्त चित्र

एमाले प्रतिवेदनले 'सामाजिक असन्तुष्टि र अराजकताका प्रयास' नामक एक उपशीर्षक नै राखेर विद्यमान पुराना दल, राज्य व्यवस्था र राजनीतिक प्रवृत्तिप्रति जनअसन्तुष्टिको चित्रण गरेको छ। साथै 'समाजमा बढ्दो निराशा, आक्रोश र अराजकता राजनीतिक स्थायित्वका लागि जोखिमपूर्ण हुनसक्ने' निष्कर्ष निकालेको छ।

एमाले भन्छ कि 'नयाँ पुस्ता, शहरिया जनमत र प्रवासी नेपाली' राज्य र पार्टीसँग आक्रोशित हुँदै गए। तर, आक्रोशको कारण भने अझै उसले फेला पारेको छैन। यो सबै पाँचदलीय गठबन्धन सरकारको कारणले भएको निष्कर्ष आफैंमा हास्यास्पद हो। यसका थुप्रै अन्तर्निहित कारण छन्। यो असन्तुष्टि राज्यको चरित्र र अर्थतन्त्रको ढाँचासँग जोडिएको छ। सामाजिक विभेद र असमानतासँग जोडिएको छ। शासन प्रशासनको कमजोर गुणस्तर, डेलिभरी क्षमता र भ्रष्टाचारसँग जोडिएको छ। शासकीय स्वरूप र निर्वाचन प्रणालीसँग जोडिएको छ। आर्थिक संकट र बेरोजगारीको समस्यासँग जोडिएको छ। वैदेशिक रोजगारको लर्कोसँगै आउने मानवीय संकटसँग जोडिएको छ।

तर, यी पाटोको ठोस र मूर्त चित्रण गर्नुको साटो एमाले अमूर्त चित्रकारितातिर उदत्त हुँदै 'नयाँ पुस्ता, शहरिया जनमत र प्रवासी नेपाली' लाई असन्तुष्टिको खेती गर्ने वर्गका रूपमा चित्रण र निन्दा गर्ने प्रयत्न गर्दछ। यो आफैंमा धेरै ठूलो झुट हो।

### ५. पहिचान र अधिकारप्रतिको वितृष्णा

पहिचान र अधिकारको आन्दोलनलाई एमाले प्रतिवेदनले 'जातीय र साम्प्रदायिक' भन्दै राजावादी शक्तिको षड्यन्त्रको रूपमा चित्रण गरेको छ, जो आफैंमा हास्यास्पद हो। यसबारे एमाले प्रतिवेदनले भन्छ- 'समाजमा फेरि जातीय-क्षेत्रीय अतिवादलाई चर्काउने प्रयास हुन थालेको छ। यस्ता अराजक क्रियाकलापमा राजावादी र कतिपय सत्तामा रहेका दलहरूको समेत संलग्नता देखिएको छ।'

नेपालमा पहिचान र अधिकार, सामाजिक न्याय र समावेशिता, संघीयता र शक्ति निक्षेपण, स्वशासन र स्वायत्तता आन्दोलनको आफ्नै इतिहास, विरासत र अधुरा कार्यभार छन्। राजावादी आफैंमा एमाले जस्तै यस्ता सवालको विरोधी शक्ति हो। त्यसले यस्तो आन्दोलनलाई किन सहयोग गर्दछ ? सरकारमा रहेका पहिचान पक्षधर भनिएका माओवादी केन्द्र, जसपा, लोसपा र नेसपा लगायतले समेत द्वैध चरित्र देखाइरहेका छन्।

तसर्थ 'कोशी विरुद्धको आन्दोलन' लाई कुनै प्रायोजित र षड्यन्त्रकारी घटनाको रूपमा लिनुको साटो यी मुद्दालाई सम्बोधन गर्न कहाँनेर गल्ती भयो, प्रदेशको सिमांकन, नामांकन, शासकीय स्वरूप, क्षेत्राधिकार र वित्तीय अधिकारको प्रारूपमा कहाँनेर गल्ती भयो, त्यसको समीक्षा जरूरी थियो।

### ६. भूराजनीतिमा सस्तो राजनीति

एमाले प्रतिवेदनले देशको

...बाँकी पृष्ठ ३ मा

# वृत्तिमार्ग निर्देशन तथा रोजगार मेला सुरु




समाज संवाददाता

हेटौंडाः हेटौंडा–४ स्थित रोयल पार्टी प्यालेसको सभाहलमा वृत्तिमार्ग निर्देशन तथा रोजगार मेला सुरु भएको छ। हेटौंडा उपमाहानगरपालिका र बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको संयुक्त आयोजनामा आइतबारबाट मेला सुरु भएको हो।

मेलालाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानले स्वदेशमा जागिर दिने भन्दा पनि व्यवसायी बनाउने उद्देश्यले मेलाको आयोजना गरेको बताउनुभयो । मेलाले औद्योगिक क्षेत्रको विकास हुने बताउँदै मन्त्री मोक्तानले कृषि विकासका लागि पनि सरकारले कार्य गर्दै जाने धारणा राख्नुभयो । विकासको लागि सबै सजक भएर लाग्नुपर्ने र निर्देशनको रुपमा नभई सबैले दायित्वको रुपमा लिनुपर्नेमा जोड दिनुभयो ।

मेलामा रोजगारको खोजीमा रहेका युवायुवती, विद्यार्थीहरुलाई वृत्तिमार्ग निर्देशन गर्ने तथा रोजगारदाता र सेवा प्रदान गर्ने सरकारी, गैरसरकारी निकायहरुसँग भेट गराउने उद्देश्य राखिएको छ। मेलामा विभिन्न संस्थाहरुको ४३ वटा स्टल रहेको छ । मेला २ दिनसम्म सञ्चालन हुनेछ ।

मेला उद्घाटन कार्यक्रमा हेटौंडा उपमाहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाको अध्यक्षता तथा सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्य थियो । कार्यक्रममा सामाजिक विकास मन्त्रालय सचिव रामकृष्ण पुडासैनी, प्रदेश युवा परिषद् बागमती प्रदेश उपाध्यक्ष सन्तोष चौलागाई, उद्योग वाणिज्य संघ मकवानपुर उपाध्यक्ष उज्वल चौलागाईलगायतको उपस्थिति थियो ।

# औषधी व्यवसायीका लागि अभिमुखीकरण




समाज संवाददाता

हेटौंडाः औषधी व्यवसायी संघ मकवानपुरले मकवानपुर जिल्लाका औषधी व्यवसायीलाई औषधी विक्रीसम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ । नशालु औषधीको दुरुपयोग हुन सक्ने भएकोले त्यस्ता औषधीको विक्रीवितरण गर्दा ध्यान दिनुपर्ने कुरा, औषधीको सुरक्षित व्यवस्थापनका विषयमा व्यवसायीलाई जानकारी गराउने उद्देश्यले अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको औषधी व्यवसायी संघ मकवानपुरका अध्यक्ष नारायण लाल श्रेष्ठले जानकारी दिनुभएको छ ।

शनिबार हेटौंडामा आयोजना गरिएको अभिमुखीकरण कार्यक्रममा औषधी व्यवस्था विभागका प्रमुख मुकेन्द्र पञ्जीयारले सहजीकरण गर्नुभएको थियो । कतिपय औषधी दूर्व्यसनीमा फसेकाहरुले दुरुपयोग गर्ने जोखिम रहने भएकोले त्यसतर्फ पनि व्यवसायीलाई सतर्क गराउन अभिमुखीकरण प्रभावकारी भएको अध्यक्ष श्रेष्ठको भनाइ थियो । मानसिक सन्तुलन गुमाएका विरामीले सेवन गर्नुपर्ने औषधीहरु दूर्व्यसनीमा फसेकाहरुले प्रयोग गर्ने गरेका छन् ।

अभिमुखीकरण कार्यक्रममा एक सयभन्दा बढी संख्यामा व्यवसायीको सहभागिता रहेको थियो । मकवानपुरका प्रहरी प्रमुख बामदेव गौतमको प्रमुख आतिथ्यमा अभिमुखीकरण कार्यक्रम भएको हो ।

विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाऔं । बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरौं ।
समृद्ध समाज राष्ट्रिय दैनिक

# लागुऔषध गाँजासहित रामकुमार पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिका–३, सरिखेतबाट लागुऔषध गाँजासहित ३४ बर्षीय रामकुमार राना मगरलाई प्रहरीले पक्राउ गरेको छ ।

सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुर र इलाका प्रहरी कार्यालय मनहरीको संयुक्त टोलीले शनिबार राती ११ बजेको समयमा रामकुमारको घरको तलासी गरेको थियो ।

तलासी गर्ने क्रममा प्रहरीले ६ वटा बोरामा लुकाई राखेको अवस्थामा ७८ केजी लागुऔषध गाँजा बरामद गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

# उद्धार गरिएका पुष्पा र अञ्जलीलाई जंगलमा छाडियो



चितवनः चितवन राष्ट्रिय निकुञ्जले पालेर राखेका दुई गैंडाका बच्चा (केटो)लाई जंगलमा छाडिएको छ । राष्ट्रिय प्रकृति संरक्षण कोष सौराहामा पालिएका ती गैंडालाई निकुञ्जको लामिताल क्षेत्रमा छोडिएको हो ।

निकुञ्जका पशु चिकित्सक डा विजय श्रेष्ठका अनुसार डार्ट नगरिकनै ट्रकमा राखेर ती दुई गैंडालाई तामिताल पुऱ्याएर छाडिएको छ। निकुञ्जमा आमाबाट छुटेको अवस्थामा भेटिएका पुष्पा र अञ्जली नामका ती दुई बच्चालाई निकुञ्जकै नवलपरासी क्षेत्रबाट उद्धार गरी ल्याइएको थियो ।

श्रेष्ठका अनुसार पुष्पालाई सन् २०२० को जनवरीमा नवलपरासीको तमासपुर र अञ्जलीलाई २०२१ को अप्रिलमा नवलपरासीकै कुजौलीबाट उद्धार गरिएको थियो । एक दुई महिनाको उमेरमा आमाबाट छुटेका उनीहरुलाई हुर्काएपछि प्राकृतिक रुपमा जंगलमा छाडिएको उनले बताए ।

पुष्पा र अञ्जलीलाई यतिबेला प्राकृतिक रुपमा घाँस खोजेर खान सक्ने भएका छन्। उद्धार गरी हुर्काइएका कतिपय जङ्गली जनावर मित्रराष्ट्रलाई दिने, कतिपयलाई चिडियाघरमा त कतिपयलाई प्राकृतिमा राख्ने गरिँदै आएको छ ।

*(स्रोतः अनलाईनखबर)*

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४ हेटौंडा, मकवानपुर
The Voice of Community

# हेटौंडाका देवकोटा बागमतीमा मृत फेला

समाज संवाददाता

हेटौंडाः हेटौंडा–१७, हटियाका ४८ वर्षीय नवराज देवकोटा मकवानपुरको बागमती गाउँपालिकामा मृत अवस्थामा फेला परेका छन् । आइतबार बागमती–७ को वडा कार्यालय जाने सडकछेउमा देवकोटा मृत फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मानसिक अवस्था ठिक नभएका देवकोटा गत शुक्रबार घरबाट निस्किएका थिए । आइतबार देवकोटा मृत अवस्थामा भेटिएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। देवकोटाको शव पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा ल्याइएको छ ।

# थाहाका थिङ भरुवा बन्दुकसहित पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले भरुवा बन्दुसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा थाहा नगरपालिका–१२ का ५५ वर्षीय बुद्धेराम थिङ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिनुभएको छ ।

आइतबार बिहान ११ बजेर ३० मिनेटको समयमा थिङले आफ्नै घरमा भरुवा बन्दुक लुकाई छिपाई राखेको भन्ने विशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय पालुङबाट प्रहरी सहायक निरीक्षक गंगा अधिकारीको कमाण्डमा ५ जनाको टोली खटिएको थियो। प्रहरी टोलीले थिङको घरमा खानतलासी गर्दा लुकाई छिपाई राखेको अवस्थामा बन्दुक फेला पारी बरामद गरेको हो । बन्दुकसहित थिङलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# दुई जना फरार प्रतिवादी पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगर पालिकास्थित इलाका प्रहरी कार्यालय पालुङले विभिन्न समयको मुद्दामा फरार रहेका दुई जना प्रतिवादीलाई पक्राउ गरेको छ । प्रहरीले दुवै प्रतिवादीलाई शनिबार पक्राउ गरी आइतबार जिल्ला अदालत मकवानपुरमा उपस्थित गराइएको हो ।

पक्राउ पर्नेमा लागुऔषध गाँजा मुद्दामा फरार प्रतिवादी थाहा–१२ का ४४ वर्षीय राम स्याङ्तान र थाहा–११ का ३७ वर्षीय बुद्धिमान तितुङ रहेको प्रहरीले जनाएको छ । अदालतमा उपस्थित गराइएकोमा स्याङ्तानलाई ७५ हजार रुपैयाँ जरिवाना र ५ वर्ष कैद सजाय तोकिएको छ । यस्तै तितुङलाई २० हजार रुपैयाँ नगद र १ वर्ष कैद सजाय तोकिएको छ । पछिल्लो दिन मकवानपुर प्रहरीले दैनिकजसो फरार प्रतिवादीलाई पक्राउ गर्न सफल भइरहेको छ । गत बुधबार ११ जना र बिहिबार ४ जना फरार प्रतिवादीलाई मकवानपुर प्रहरीले पक्राउ गरेको थियो ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# स्कुटर दुर्घटना हुँदा श्रीमान्को मृत्यु, श्रीमति घाइते

समाज संवाददाता

हेटौंडाः काभ्रे जिल्लाको नमोबुद्ध नगरपालिका–७, खोलेखेतमा स्कुटर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । एक जना घाइते भएका छन् । शनिबार पाँचथरबाट काठमाडौं जाँदै गरेको बा ७२ प ४७०१ नम्बरको स्कुटर आफैं अनियन्त्रित भई सडकबाट २५ फिट तल खस्दा दुर्घटना भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा काठमाडौं टोखा–२, बस्ने ६५ वर्षीय विचारी हिङमाङ गम्भिर घाइते भएका थिए । स्कुटरमा पछाडी सवार विचारीकी श्रीमति ५० बर्षीया निर्मला हिङमाङ सामान्य घाईते भएका थिए । घाइते विचारीको उपचारका लागि जिल्ला अस्पताल धुलिखेल लगिएको थियो । थप उपचारका लागि दुबै घाईतेलाई टिचिङ अस्पताल काठमाडौ लगेकोमा विचारीको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

# मोटरसाइकल दुर्घटनामा मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिकामा मोटरसाइकल दुर्घटनामा हुँदा एक युवकको मृत्यु भएको छ। मृत्यु हुनेमा भरतपुर–२६, बस्ने ३६ बर्षीय दिपेन्द्र राजको मृत्यु भएको प्रहरीले जनाएको छ।

रामपुरबाट चौबिसकोठीतर्फ आउँदै गरेको बागमती प्रदेश ०६–०१ प २९६७ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना भएको थियो। मोटरसाईकल दुर्घटनामा परी दिपेन्द्र गम्भीर घाइते भएका थिए । घाइते भएका दिपेन्द्रको उपचारको क्रममा भरतपुर अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# कुटपिटबाट महिला गम्भीर घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगर पालिकामा कुटपिटबाट एक जना महिला गम्भीर घाइते भएकी छिन् । शनिबार साँझ ८ बजेको समयमा थाहा–१२ की २७ वर्षीया सुशीला स्याङ्तानको कुटपिटबाट सोही ठाउँकी ३० वर्षीया बिनिता मोक्तान गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभयो ।

स्याङ्तानले आफू छोटो लुगा लगाई हिंडेको भनी मोक्तानले अन्य मान्छेहरुसँग कुरा काटेको भन्दै मोक्तानको घरमै गएर कुटपिट गरेको प्रहरीले जनाएको छ । स्याङ्तानको कुटपिटबाट गम्भीर घाइते भएकी मोक्तानलाई काठमाडौंस्थित ट्रमा सेन्टर पुऱ्याइएको थियो । मोक्तानको टाउकोमा चोट लागेको र अवस्था गम्भीर रहेको भनी ट्रमा सेन्टर काठमाडौंले आइतबार जिल्ला प्रहरी कार्यालय मकवानपुरमा जानकारी गराएको थियो ।

इलाका प्रहरी कार्यालयबाट प्रहरी सहायक निरीक्षक गंगा अधिकारीको कमाण्डमा टोली खटेर कुटपिट गर्ने स्याङ्तानलाई नियन्त्रण लिएको छ । घटनामा अन्य व्यक्तिहरु पनि संलग्न हुनसक्ने देखिएको र थप अनुसन्धान भइरहेका प्रवक्ता कार्कीले बताउनुभयो ।

# २९ जनाद्वारा रक्तदान



*रक्तदान गर्दै एक रक्तदाता ।*

समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडाले जेसीज सप्ताहअन्तर्गत दोस्रो दिन आइतबार बिहान आयोजना गरेको रक्तदान कार्यक्रममा २९ जनाले रक्तदान गरेका छन् ।

हेटौंडा–४, हुप्रचौरमा आयोजना गरिएको रक्तदान कार्यक्रममा वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्य रहेको थियो। जेसीआई हेटौंडाले जेसीज सप्ताहको पहिलो दिन शनिबार मनकामना अपहिल साइक्लिङ च्यालेन्जको आयोजना गरेको थियो ।

स्वादिष्ट नेवारी खाजा


अब
होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७–५२६०१३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ